आज मिति 2066 साउन 22 गते प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भयो।

## उपस्थिति

अध्यक्ष : श्री लीलाधर अधिकारी, प्र.जि.अ.
सदस्य : श्री धनेश यादव, ने.क.पा. प्रतिनिधि
" : श्री जिवन मल्ल, ने.का. प्रतिनिधि
: श्री केशव कुमार यादव, रा.ज.पा. "
: श्री कृष्ण प्रसाद यादव, स.पा. प्रतिनिधि
: श्री शालिकराम अधिकारी, बाँसगढी न.पा. प्रमुख
: श्री घननारायण श्रेष्ठ, ठाकुरबाबा न.पा. "
: श्री गणेश ब. के.सी., मधुवन न.पा. "
: श्री शिव प्रसाद थारू, राजापुर " "
: श्री दुर्गा ब. थारू, बारबर्दिया " "
: श्री मुक्तिनाथ यादव, गुलरिया न.पा. "
: श्री लाल ब. श्रेष्ठ, बढैयाताल गा.पा. अध्यक्ष
: श्री जगानसिंह के.सी., गेरुवा गा.पा. "
: श्री मनकला चौधरी, राजापुर न.पा., उप-प्रमुख
: श्री केदार रजौरे, प्र.उ., जि.प्र.का. बर्दिया
: श्री नर बहादुर रावत, प्र.प्र.उ. ३१ नं ग. बर्दिया
: श्री योगेन्द्र के.सी., उ.अ.नि., रा.अ.जि.का. "
: श्री श्यामु शाही, सेनानी, भैरव प्रसाद गण गुल्म बर्दिया
: श्री ने.रे.सो. बर्दिया
: श्री विष्णु तिमिल्सिना, नें.स.मा. बर्दिया
: श्री ने.प.मा., बर्दिया
: श्री सुभाष पाण्डे, मे.सु. व.जि.अ.
: श्री गोकर्ण गिरी, स्वा.का. प्रमुख बर्दिया
: श्री कृष्ण ब. खड्का, जि.स.स. बर्दिया
: श्री नारायण प्र. ढकाल, जि.प्र.का. बर्दिया

## विशेष आमन्त्रित

श्री शंकर प्रसाद थारू, प्रमुख, जि.स.स. बर्दिया
श्री मान ब. बिष्ट, उप-प्रमुख " " "
श्री कृष्ण प्र. गौतम, प्र.प्र.अ., गुलरिया न.पा.
श्री अंगद श्रेष्ठ, ब.अ.वि.म., अध्यक्ष

श्री गणेश विक्रम शाह, प्र. अ. जि. प्र. का. बर्दिया
श्री विर चौधरी, गुलरिया, उ. वा. सं. बर्दिया स.म.सं.
श्री बालकृष्ण लामिछाने, मैनपाताल उ.वा.सं. " म.स.म.
श्री महेन्द्रराज बाग्ले डि. व. का. बर्दिया
श्री कविन्द्र रावल वर्क्स गार्ड, आ. प्र. का. धाँधमारा
श्री विष्णु प्र. पौड्याल, डि. प्र. जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय बर्दिया
प्रसुन मिश्र. डी.प्र. राजापुर सिंचाइ व्यवस्थापन कार्यालय, बर्दिया
मान बहादुर डंगी, KMJS Nepal / DLSA
डा. बालकृष्ण ओली, संयोजक, बर्दिया नागरिक समाज संजाल
विष्णु प्रसाद भट्टराई ने. रे. सो. जिल्ला शाखा
निर्मल कुमार रावल DEOC / NRCS / DMO
गंगाराम अधिकारी मि प्रशा. का.

निर्णयहरु;

१. मिति २०७७ श्रावण ४ गतेको मन्त्रिपरिषदबाट निर्णय भई कार्वान्वयन भएको विपद् पिडित उद्दार र राहत सम्वन्धि ( सातौ सशोधन) मापदन्ड, २०७७ मा भएको व्यवस्थाबारेमा जानकारी भयो ।

२. विपद् पिडित उद्दार र राहत सम्वन्धि (सातौं संशोधन) मापदण्ड, २०७७ मा भएको व्यवस्था अनुसार पिडितहरुको खोज तथा उद्दार गर्ने कार्यको लागी न्युनतम २५ जनाको दक्ष जनशक्ति जुनसुकै बेला परिचालन गर्ने गरी व्यवस्थापन गर्न सुरक्षा निकायवाट दक्ष जनशक्तिको विवरण अद्यावधिक गर्ने साथै सामाग्री व्यवस्थापन सम्वन्धमा तत्कालकोलागि जिल्ला आपतकालिन कार्यसन्चालन केन्द्रमा रहेको सामाग्रीहरुमध्यवाटै तयारी अवस्थामा रहने गरी व्यवस्थापन मिलाउने र आपतकालिन खाद्यान्न एवम् लत्ताकपडाका लागि मानवीय सेवामा कार्यरत संघसस्थालाई अनुरोध गर्ने ।

३. मनसुन सक्रिय रहिरहेको अवस्थामा थप पुर्वतयारी तथा सतर्कता अपनाउन सवै नगरपालिका/गाउँपालिका तथा सरोकारवाला निकायहरुमा अनुरोध गर्ने र मुख्य नदी तथा सहायक नदीहरुमा जलाधार वढी भएको समयमा काठदाउरा छोप्ने, नुहाउने, माछा मार्न जाने जस्ता कार्य पुर्ण रुपमा रोक लगाउने व्यवस्था मिलाउने ।

४. गृह मन्त्रालयवाट मिति २०७७ श्रावण २१ गतेको पत्र अनुसार मनसूनजन्य विपद्का कारण घर(आवास) पुर्ण क्षति भई नया घर निमार्ण गर्नुपर्ने अवस्थामा रहेकाको विवरण माग भई आएकोले स्थानिय वडा अध्यक्ष, स्थानीय प्रहरी, स्थानीय रेडक्रसको प्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत/वडा सचिवको सहभागितमा विवरण संकलन गरेर स्थानीय विपद् व्यवस्था समितिवाट समेत निर्णय गराई १ साताभित्र सवै गाँउपालिका/नगरपालिकाले उपलब्ध गराउने

५. राजापुर नगरपालिका बडा नं. ९ मा लगाएको धान वाली हात्तीले खाई नष्ट गरिदिएको भनि हरिहर गौतम लगायत ५ जनाले क्षतिपुर्तिको माग गरेकोले डिभिजन वन कार्यालय, वर्दियालाई बन्यजन्तुबाट भएको हानी नोक्सानीको लागत लिई प्रभावित परिवारलाई बर्दिया राष्ट्रिय निकुञ्जसंग समन्वय गरी राहत उपलव्ध गराउन अनुरोध गर्ने ।

६. २०७७ श्रावण १३ गते कर्णाली नदीमा जलसतह सतर्कता तह पार गरेको तथा राजापुर नगरपालिका, ठाकुरबाबा नगरपालिका तथा गेरुवा गाँउपालिकामा सहायक नदी तथा कुला झरनामा पानी भरिएर र भारी वर्षा भई क्षति पुर्याएको प्रारम्भिक द्रत लेखाजोखा (IRA) सर्वेक्षणले देखिएकोले विषयगत क्षेत्रवाट पूर्ण विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालय बर्दिया (जिल्ला आपतकालिन कार्य सन्चालन केन्द्र(DEOC)) मा पठाउने र सोही समयमा राजापुर नगरपालिका वडा नं.१ का रुद्र भट्टको माछा पोखरीमा भदाली खोलाको पानी पसि करिव ५३० बटा माछा बगाएको र गेरुवा गाँउपालिका वडा नं. ३ का रामजी थारुको व्वाइलर कुखुरा फर्ममा बुढी कुलाको पानी पसी करिव २ हजार वटा कुखुरा मरेको भनि विवरण प्राप्त भएकोले उचित क्षतिपुर्तिकोलागि आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं ५ मा सिफारिस गर्ने ।

७. मिति २०७७/०४/१२ गते देखि परेको अवरल बर्षाको कारण जिल्लास्थित नदीहरु कर्णाली, बबई, भादा र औरही नदीमा आएको बाढीले उक्त नदीहरुका विभिन्न स्थानहरुमा कटान र डुबान गरी मानवबस्ती, खेतीयोग्य जमिन एवम् भौतिक पूर्वाधारहरुमा क्षति पुर्याई उच्च जोखिममा रहेका । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार अझै पनि अवरल बर्षा हुने सम्भावना भएकाले नदी छेउछाउका बस्तुहरुमा डुवान तथा कटान हुने जोखिम देखिएकाले सतर्क रहनु भनी दिइएको निर्देशन अनुसार सोको रोकथाम गर्न आपतकालिन बाढी रोकथाम तथा व्यवस्थापन सम्वन्धी कार्य अन्तर्गत नाइलन जालीमा खाली सिन्थेटिक प्लाष्टिकको बोरामा बालुवा भर्ने जस्ता आवश्यक प्रविधि प्रयोग गरी बाढीबाट हुने डुबान, कटान रोकथाम एवम् न्यूनिकरण गर्न सार्वजनिक खरिद ऐन बमोजिम छोटो प्रक्रियाद्धारा खरिद गर्न तथा सोको व्यवस्थापन सम्वन्धित सार्वजनिक निकायले माग गरी आए सम्वन्धित कार्यालयका लागि सम्वन्धित निकायमा आवश्यक बजेट तत्काल माग गर्ने गरी बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कर्णाली नदी व्यवस्थापन आयोजना बर्दियालाई निर्देशन दिने ।

८. बर्दिया राष्ट्रिय निकुञ्जबाट आउने गिठ्ठे नाला र बोक्सी खोलाले आफ्नो बहाब परिवर्तन गरी ठाकुरबाबा नगरपालिकाको वडा नं. ६, ७, ८ र ९ मा बार्षिक रुपमा डुवान हुँदै आइरहेको र यसै बर्ष समेत डुवान परिसकेकोले सोको अध्ययन गरी व्यवस्थापनको लागि बर्दिया राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने